उत्तरगया गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः३ संख्याः १२ मितिः २०७६/१०/२८

# भाग-१

उत्तरगया गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## उत्तरगया गाउँपालिकाको आर्थिक अनुशासन तथा आन्तरिक लेखापरीक्षण गर्ने कार्यविधि (नियमित गर्ने) ऐन

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई आर्थिक अनुशासन तथा आन्तरिक लेखापरीक्षण कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय

सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम उत्तरगया गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "उत्तरगया गाउँपालिकाको आर्थिक अनुशासन तथा आन्तरिक लेखापरीक्षण कार्यविधि (नियमित गर्ने) ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन उत्तरगया गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा:** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) “ऐन” भन्नाले उत्तरगया गाउँपालिकाको आर्थिक अनुशासन तथा आन्तरिक लेखापरीक्षण कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले उत्तरगया गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) “गाउँपालिका”भन्नाले उत्तरगया गाउँपालिका सम्झनु पर्छ।

(घ) “सभा” भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **व्याख्या:** यो कानूनमा परिभाषा गरिएका बिषयवस्तुहरु यही कानुन अनुसार र अरुमा प्रचलित कानून व्याख्या सम्बन्धी संघीय ऐन बमोजिमका सिद्धान्तका आधारमा गरिनेछ ।

४. **नियम बनाउने अधिकार:** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका

अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त उत्तरगयागाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

५. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः** संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही उत्तरगया गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

## परिच्छेद-२

## आर्थिक अनुशासन तथा आन्तरिक लेखापरीक्षण सम्बन्धी

६. **आर्थिक अनुशासन सम्बन्धिः** वित्तीय सुशासन कायम गर्न जोखिमयुक्त क्षेत्रहरु (वित्त ब्यवस्थापन, नीतिगत निर्णय, बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन, अनुगमन, निरिक्षण मूल्यांकन र समिक्षा, आन्तरिक र बाह्य लेखापरीक्षण, कानून तथा नीति निर्माण आदि) को पहिचान र सो को नियन्त्रणका लागि  कार्यक्रम र कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्नु पर्नेछ ।

७. **आन्तरिक लेखापरीक्षण सम्बन्धिः** संस्थाको आर्थिक कारोबारको आफ्नै आन्तरिक संयन्त्रद्धारा जाँच र मुल्यांकन गरी सो कारोबारको प्रतिवेदन तयार पर्ने कार्य नै आन्तरिक लेखापरीक्षण भएकोले आन्तरिक नियन्त्रणको प्रभावकारी औजारको रुपमा यसलाई ग्रहण गर्दै गाउँपालिकामा भएका सम्पूर्ण आर्थिक

आन्तरिक लेखापरीक्षण शाखाद्धारा लेखापरीक्षण सम्पन्न गराउनु पर्नेछ ।

## परिच्छेद -३

## आन्तरिक लेखापरीक्षक सम्बन्धि व्यबस्थाहरु

८. **आन्तरिक लेखा परिक्षकको काम, कर्तव्य र अधिकारः** आन्तरिक लेखा परीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिकामा आम्दानी भएका सम्पूर्ण श्रोतहरुबाट भएका खर्चकोआर्थिक कारोवार प्रचलित ऐन नियम अनुसार भए नभएको परीक्षण गरि सो नभएको भए पालना गर्न लगाउने,

(ख) गणितिय भुल तथा गल्तिहरु समयमै पत्ता लगाई सुधार गर्न लगाउने,

(ग) स्वीकृत बजेट तथा कार्यक्रमको सिमा रही खर्च गरे नगरेको चेक जांच गरि समयमै जानकारी गराउने,

(घ) जून कार्यक्रमको लागी बजेट स्वीकृत भएको हो सोही कार्यक्रममा खर्च भए नभएको चेक जांच गर्ने,

(ङ) सार्वजनिक खरिद ऐन, २०६३ स्था.नि. आ.प्र नियमावली २०६४ अनूसार सार्वजनिक खरिद कार्य (निर्माण कार्य, वस्तु तथा सेवाको खरीद कार्य तथा छपाई सम्बन्धि कार्यहरु ), आन्तरिक आय संकलन कार्य नियमित भए नभएको जांच गरि नभएको भए सो बमोजिम गर्न लगाउने,

(च) आन्तरीक आयका ठेक्काहरुको किस्ता समयमै असूली भए नभएको, असूली नभएको भए तत्सम्बन्धमा ताकेता गरे नगरेको सम्बन्धमा जांच गर्ने,

(छ) असूल गरेको नगद राजस्व रकम समयमै बैंक दाखिला गरे नगरेको जांच गरि दाखिला गर्न लगाउने, साथै प्राप्त राजस्व श्रेस्तामा आम्दानी बांधे नबांधेको सम्बन्धमा जांच गरि नबांधेको देखिएमा बांध्न लगाउने,

(ज) अग्रिम आयकर कट्टा रकम समयमै आन्तरीक राजस्व कार्यालयमा दाखिला गरे नगरेको जांच गरि नगरेको भए दाखिला गर्न लगाउने,

(झ) धरौटी (रिटेन्सन मनि) कट्टा रकम धरौटी खातामा ट्रान्सफर गरी सम्बन्धित व्यक्तिको नाममा जम्मा भए नभएको जांच गर्ने,

(ञ) मु.अ.कर भूक्तानी दिएपछि आन्तरिक राजस्व कार्यालयलाई पठाउनुपर्ने जानकारी पठाए÷नपठाएको हेरी नपठाएको भए पठाउन लगाउने,

(ट) जिन्सी सामानको उचित संरक्षण र लेखांकन भए नभएको जांच गरि नभएको भए नियमानुसार गर्न लगाउने,

(ठ) अन्तिम लेखापरीक्षण हुनु अगावै श्रेस्ता चेक जांच गरि दुरुस्त गर्न लगाउने,

(ड) बेरुजुको मात्रा न्यून गर्ने । सकेसम्म बेरुजु हुने स्थिति नै आउन नदिने,

(ढ) गाउँपालिकाबाट सम्पादित कार्यहरुमितव्ययी, प्रभावकारी, नियमतता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय

प्रतिवेन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ण) लेखापरीक्षण कार्ययोजना बनाई सोही बमोजिम लेखापरीक्षण गर्ने ।

९. **<u>आन्तरिक लेखा परिक्षणको सिमाः</u>** आन्तरिक लेखा परीक्षणको सीमा देहाय बमोजिम हुनेछः-

(क) नियमितता,

(ख) मितव्ययिता,

(ग) प्रभावकारिता,

(घ) कार्यदक्षता ।

१०. **<u>आन्तरिक लेखा परिक्षणका विधिहरुः</u>** आन्तरिक लेखा परीक्षण शाखाले आर्थिक कारोवारको श्रेस्ता परिक्षणको सिलसिलामा निम्न विधिहरु अपनाउन सक्नेछन्ः-

(क) **<u>नियमित जाँचः</u>** आन्तरिक लेखा परीक्षणशाखाले गाउँपालिका तथा विषयगत शाखाकाआर्थिक कारोबारको श्रेस्ता तत्काले, मासिक, त्रैमासिक र चौमासिक एवं बार्षिक रुपमा नियमित जांच गर्नेछ । यसका लागी सम्बन्धित आर्थिक प्रशासन शाखाले फांटवारी सहिताको श्रेस्ता आन्तरिक लेखा परीक्षण शाखालाई उपलब्ध गराउनु पर्नेछ । श्रेस्ता परिक्षणको सिलसिलामा लेखा परिक्षकले मागेको जानकारी सम्बन्धित शाखाका कर्मचारीले उपलब्ध गराउनु पर्नेछ ।

(ख) **भौतिक निरिक्षणः** आन्तरिक लेखा परीक्षणशाखाले आयोजना स्थलको भौतिक निरिक्षण गर्न आवश्यक देखेमा शाखाका कर्मचारीले आवश्यकता अनुसार प्राविधिकको समेत सहयोग लिई आयोजनाको स्थलगत निरिक्षण गर्न सक्नेछन् ।

११. **आन्तरिक लेखा परीक्षण प्रतिवेदनः** (१) पूर्व लेखापरीक्षणको लागी पेश हुन आएमा सो कारोवारको भूक्तानी दिन मिल्ने/नमिल्ने सोही भौचरमा राय लेखी पेश गनु पर्नेछ ।

(२) पूर्व लेखापरीक्षण बाहेकका कारोबारको लेखा परीक्षण भएकामितिले ३५ दिन भित्रलेखा परीक्षण प्रतिवेदन गाउँपालिकामा दिनुपर्नेछ ।

(३) आ.व. समाप्त भए पछि श्रावण महिनामा बार्षिक प्रतिवेदन दिनु'पर्नेछ । अघिल्लो प्रतिवेदनमा औंल्याईएको बेरुजू सोही आ.व. भित्र फर्छ्यौट गरेको प्रमाण पेश हुन आएमा सो बेरुजू कट्टा गरि बार्षिक प्रतिवेदन तयार गर्नु पर्नेछ।

(४) अन्तिम लेखा परीक्षण हुनु अगावै आन्तरिक लेखा परीक्षणको बार्षिक प्रारम्भिक प्रतिवेदनमा औंल्याईएको बेरुजू र सो सम्बन्धमा कार्यालयबाट भैरहेको कारवाही र आन्तरिक लेखा परीक्षणशाखाको धारणा अन्तिम लेखापरीक्षक समक्ष लिखित रुपमा पेश गर्नु पर्नेछ ।

(५) आन्तरिक लेखा परीक्षकबाट औंल्याईएका बेरुजू सम्बन्धमा अन्तिम लेखापरीक्षकबाट अध्ययन तथा जांचबूझ गरि अन्तिम बेरुजू कायम भएपछि आन्तरिक लेखा परीक्षण बेरुजू कायम रहने छैन ।

१२. **<u>आन्तरिक लेखा परीक्षण गर्दा बढी महत्व दिनुपर्ने क्षेत्रहरुः</u>**

आन्तरिक लेखा परीक्षण गर्दा बढी महत्व दिनुपर्ने क्षेत्रहरु देहाय बमोजिम हुनेछन्ः-

(क) सार्वजनिक खरिद ऐन २०६३, स्था.नि. आ.प्र नियमावली २०६४ (आवश्यक परेमा सार्वजनिक खरिद नियमावली २०६४) अनूसार सार्वजनिक खरिद कार्य ( निर्माण कार्य, वस्तु' तथा सेवाको खरिद कार्य, छपाईका कार्यहरु) नियमित भए नभएको सम्बन्धी विषय,

(ख) आन्तरीक आय ठेक्काको किस्ता असूली र बक्यौता असूली सम्बन्धि कारवाही,

(ग) राजस्व बांडफांडको प्रक्रिया र असूली,

(घ) आन्तरिक श्रोतको आम्दानीको अभिलेखांकन तथा समयमै बैंक दाखिला सम्बन्धि विषय,

(ङ) खर्च भएर नजाने जिन्सी सामानको लगत, मर्मत सम्भार, संरक्षण र लिलामी प्रकृया,

(च) योजना तर्जूमा र कार्यान्वयन सम्बन्धि प्रक्रिया,

(छ) नक्सा, ड्रईङ्ग, लागत अनूमान, नापि किताब, र कार्य सम्पादन प्रतिवेदन र ठेक्का सम्बन्धि विल आदीमा भर्नुपर्ने विस्तृत विवरण,

(ज) रसिद नियन्त्रण खाता, नापि किताव नियन्त्रण खाता अद्यावधिक राखे-नराखेको,

(झ) अग्रिम आयकर कट्टा तथा दाखिला सम्बन्धी,

(ञ) मु.अ.कर विजकबाट भूक्तानी दिएपछि आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने जानकारी सम्बन्धी,

(ट) जिल्ला दररेट समितिको निर्णय, ज्याला दररेट समितिको निर्णय, रेण्ट कमिटिको निर्णय आदी भए/नभएको,

(ठ) संचितकोषको अवधारणा अनुसार खाताको लेखा राखे-नराखेको ।

## परिच्छेद-४

## विविध

१३. **खारेजी र बचाऊः** यस ऐनको उद्देश्य तथा बिषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन वमोजिम भएको मानिनेछ ।

**आज्ञाले,**
**अर्जुन खड्का**
**प्रमुख प्रशासकीय अधिकृत**



उत्तरगया गाउँपालिका लहरेपौवा, रसुवाद्वारा प्रकाशित
मूल्य रु. १० ।